फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : ४ संख्या : ८ मिति: २०७८/०६/१२

भाग-२

फलेवास नगर कार्यपालिका

# विधुर पुरुष तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७८

कार्यपालिकावाट स्वीकृत मिति : २०७८/०६/१२

**प्रस्तावना :**

फलेवास नगरपालिकाको आ.व. ०७८/७९ को नवौं नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रमको दफा ११६ अनुसार विधुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक संरक्षण प्रोत्साहन भत्ता व्यवस्थित, प्रभावकारी र पारदर्शी ढङ्गले वितरण गर्ने गरी सो को प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले, फलेवास नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ३० बमोजिम फलेवास नगरपालिका क्षेत्रभित्रका विदुर तथा एकल पुरुष र एकल तथा अविवाहित महिलाहरुका लागि सामाजिक संरक्षण प्रोत्सहान भत्ता वितरण गर्न यो **विधुर पुरुष तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७८** लागु गरिएको छ ।

**प्रारम्भ :** यो कार्यविधी तुरुन्त लागु हुनेछ ।

**१. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "नियमावली" भन्नाले नगरपालिकाको कार्य सम्पादन नियमावलीलाई सम्झनु पर्दछ ।

ख) "लाभग्राही" भन्नाले कार्यविधि बमोजिम भत्ता पाउन योग्य व्यक्ति सम्झनु पर्दछ ।

ग) "बैंक" भन्नाले लाभग्राहीले खाता खोल्ने कार्यालयले तोकेको बैंक सम्झनु पर्दछ ।

घ) "भत्ता" भन्नाले कार्यापालिकाले निणर्य गरे बमोजिमको रकम सम्झनु पर्दछ ।
ङ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिकालाई सम्भिmनुपर्दछ ।
च) "कार्यपालिका" भन्नाले फलेवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।
छ) "विधुर" भन्नाले विवाह पछी श्रीमती गुमाएको पुरुष सम्भिmनुपर्दछ ।

**२. लाभग्राही :**

फलेवास नगरपालिकाले वितरण गर्ने सामाजिक संरक्षण प्रोत्साहन भत्ता प्राप्त लाभग्राही विधुर पुरुष, अविवाहित पुरुष तथा महिला, सम्वन्धविच्छेद र न्यायिक पृथकीकरण गरी वसेका पुरुष तथा महिला, श्रीमान श्रीमती मध्ये कुनै एक १२ वर्ष देखि परिवारको सम्पर्कमा नआई हराएको व्यक्ति (महिला /पुरुष) सम्झीनुपर्दछ ।

२.१ यस विधुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक संरक्षण प्रोत्साहन भत्ता लाभग्राहीको उमेर हकमा ५० वर्ष पुरा भई ७० बर्ष ननाघेको हुनुपर्ने ।

२.२ संघ, प्रदेश र स्थानीय सरकारले उपलव्ध गराउने तलव भत्ता लिएको हकमा दोहोरो सुविधा उपलव्ध हुनेछैन । साथै संघ तथा प्रदेशले दिने सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राही विधुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक संरक्षण प्रोत्साहन भत्ता लाभग्राहीको सुचिवाट स्वतः हट्नेछ ।

**३. पेश गर्नुपर्ने कागजात** :

**३.१ विधुर तथा एकल पुरुषको हकमा**

नेपाली नागरिकताको प्रमाणपत्र, पत्नीको मृत्यु दर्ताको प्रमाणपत्र, अदालतबाट न्यायिक पृथकीकरण तथा सम्बन्ध बिच्छेद भएको फैसलाको निर्णय, अविवाहितको हकमा वडा कार्यालयको सिफारिस, विवाहितको हकमा पत्नीले दोस्रो विवाह गरेको प्रमाण वा पत्नी १२ बर्ष अगाडीबाट बेपत्ता भएको सरकारी प्रमाणित कागज वा वडा मुचुल्का तथा प्रहरी मुचुल्का ।

**३.२ एकल महिलाको हकमा**

नेपाली नागरिकताको प्रमाणपत्र, पतिको मृत्यु दर्ताको प्रमाणपत्र, अदालतबाट न्यायिक पृथकीकरण तथा सम्बन्ध बिच्छेद भएको फैसलाको निर्णय, अविवाहितको हकमा वडा कार्यालयको सिफारिस, विवाहितको हकमा पतिले दोस्रो विवाह गरेको प्रमाण वा पति १२ बर्ष अगाडीबाट बेपत्ता भएको सरकारी प्रमाणित कागज वा वडा मुचुल्का तथा प्रहरी मुचुल्का ।

**४. परिचयपत्रः**

४.१ नगर कार्यपालिकाको कार्यालयले तयार पारेको ढाँचामा वडा कार्यालयबाट परिचयपत्र प्रदान गरिने छ । सो परिचयपत्र वडा सचिवले प्रमाणित गरेपछी लागु हुनेछ ।

**५. परिचयपत्र नविकरणः**

५.१ प्रत्येक आर्थिक बर्षको भाद्र मसान्त भित्र वडा कार्यालयमा लाभग्राहीले नविकरणको लागी निवेदन दिनुपर्ने छ ।

**६. अभिलेख राख्ने :**

६.१ नयाँ दर्ता तथा नविकरणको लागी निवेदन पर्न आएका लाभग्राहीको अभिलेख सम्बन्धित वडा

कार्यालयमा राख्नुपर्ने छ । वडा कार्यालयहरुको एकिकृत अभिलेख नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्ने छ ।

**७. लगत कट्टा गर्ने :**

७.१ लाभग्राहिको मृत्यु भएमा, विवाह गरेमा, नेपाल सरकारवाट अन्य कुनै तलव वा भत्ता प्राप्त गरेमा, अन्यन्त्र बसाँइ सरी गएमा र तोकिएको उमेर समूह पार गरेमा स्वतः लगत कट्टा हुनेछ । यस्तो घटना वडा कार्यालयमा दर्ता हुन नआएमा भरपर्दो सुचनाका आधारमा लगत कट्टा गर्नुपर्ने छ ।

**८. भत्ता रकम :**

८.१ नगर कार्यपालिकाले लाभग्राहीलाई मासिक रु. १००० को दर बमोजिम भत्ता रकम उपलब्ध गराउनुपर्ने छ ।

**९. रकम वितरणको व्यवस्था :**

९.१ कार्यविधि स्विकृत भएपश्चात लाभग्राहिहरुलाई अभिमुखिकरण कार्यक्रम सहित पहिलो त्रैमासिक नगद वितरण गर्ने तथा त्यसपछाडी बैंक मार्फत आ.ब.को त्रैमासिक रुपमा भुक्तानी गर्न सकिने छ ।

**१०. बैंक खाता**

१०.१ लाभग्राहीले तोकीएको बैंकमा अनिवार्य रुपमा बैंक खाता खोल्नुपर्ने छ ।

**११. अनुगमन**

११.१ नगरपालिकाले सूचक बनाइ नियमित अनुगमन र निरिक्षण गर्न सक्ने छ । र यसको बार्षिक प्रतिबेदन तयार गर्नुपर्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने :**

१२.१ यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१३. परिमार्जन तथा संशोधन**

१३.१ यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

(दफा ६ को उपदफा ६.१ सँग सम्बन्धित)

विधुर तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ताको लागि दिने निवेदनको ढाँचा

मिति : ......./../...

विषय : **विधुर तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ता सम्बन्धमा ।**

श्री अध्यक्षज्यू,

वडा नं. ....,

फलेवास नगरपालिका, पर्वत

प्रस्तुत विषयमा फलेवास नगरपालिकाले वितरण गर्ने विधुर तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ताको लाभग्राहि सूचिमा समावेश गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

लाभग्राहीको विवरण :

नाम थर                                                                 लिङ्ग :

लक्षित समूह :                                                         सम्पर्क मोबाइल नंः

मिति :                                                                 दस्तखत :

**अनुसुची २**

(दफा ५ को उपदफा ५.१ सँग सम्बन्धीत)

**परिचयपत्रको ढाँचा**

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**.....नं. वडा कार्यालय**
............, पर्वत
गण्डकी प्रदेश, नेपाल

फोटो

लाभग्राही परिचय पत्र

लाभग्राहीको नाम :

परिचय पत्र :

लक्षित समूह :

जन्म मिति :

सम्पर्क नं. :

भत्ता प्राप्त गर्न सुरु मिति :

नागरिकता नं./जन्म दर्ता नं. :

बैंकको नाम र शाखा :

बैंक खाता नं. :

हस्ताक्षर :

नाम :

वडा सचिव

सम्बन्धित व्यक्तिको सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

दर्ता नविकरण सम्बन्धी विवरण

| आर्थिक वर्ष | त्रैमासिक | रकम | बुझाउनेको दस्तखत | दर्ता नविकरण निवेदन मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ३

(दफा ६ को उपदफा ६.१ सँग सम्बन्धित)

परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा

मिति : ......./../...

विषय : **परिचयपत्र नवीकरण सम्बन्धमा ।**

श्री अध्यक्षज्यू,

फलेवास.नगरपालिकाको कार्यालय खानीगाउँ, पर्वत

वडा नं. ....

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक संरक्षण प्रोत्साहन भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन आवश्यक कागजात सहित निवेदन पेश गरेको छु ।

लाभग्राहीको विवरण :

नाम थर : लिङ्ग :

लक्षित समूह : सामाजिक संरक्षण प्रोत्साहन भत्ता परिचयपत्र नं :

सम्पर्क मोबाइल नंः दस्तखत :

मिति :

**अनुसुची ४**

(दफा ७ को उपदफा ७.१ सँग सम्बन्धित)

नयाँ दर्ता हुन आएका र नविकरण भएका लाभग्राहीको सूची

प्रदेश : गण्डकी जिल्ला : पर्वत नगरपालिका : फलेवास वडा नं. : ...

| आर्थिक वर्ष : …….. को लागि नवीकरण भएका लाभग्राहीको सुची | | | | | |
|---|---|---|---|---|---|
| क. सं. | लाभग्राहीको नाम | सामाजिक संरक्षण प्रोत्साहन भत्ता परिचयपत्र नं. | लक्षित समूह | नयाँ दर्ता/ नविकरण निवेदन मिति | वडा सचिवको हस्ताक्षर |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

कृष्ण सापकोटा

प्रमुख प्रशासकीय अधिकृत